मिति : २०७५।०७।२६

समय : बेलुकी ४:१५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल कार्तिक २६ गते सोमबारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको ४५ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री तिलकबहादुर तामाङ्ग | का.वा. वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री बिजयराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

निर्णय प्रतिलिपि उतार

२०७५।०९।०२

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत

**प्रस्तावहरू**

१. योजना संचालन सम्बन्धमा ।

६. विविध :

**निर्णयहरू :**

१. (क) प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिकाको तेस्रो नगर सभाबाट स्वीकृत लिलावती बृहत सिंचाई योजनामा बिनियोजित बजेट रकम रू. ५० लाख भएको तर सिंचाई कुलो जस्तो बिषय आउने पौष माघसम्म सम्पन्न गरि सक्नु पर्ने बाध्यता रहेको, एकमुष्ट रूपमा योजना संचालन गर्दा समय लाग्ने स्थिति रहेको एवं ५० लाखको योजनालाई २ खण्ड गराई सिघ्र योजना सम्पन्न गर्दा आर्थिक कार्यविधि ऐन नियमको प्रक्रियामा समेत तल माथि हुने अबस्था नरहेकोले उक्त एकमुष्ट रकमलाई डयामदेखि साईफनसम्मको कार्यका लागि रू. २८ लाख र साईफनदेखि बन्जारा गाउँसम्मको खण्डका लागि २१ लाख बाँडफाँड गर्ने निर्णय गरियो ।

(ख) नगर कार्यपालिकाको मिति २०७५।०७।१२ मा योजना संचालन गर्ने सम्बन्धमा भएको निर्णयानुसार ठेक्का बन्दोबस्तबाट संचालन गर्ने भनिएका योजना मध्ये देहायका योजनाहरू तत्काल उपभोक्ता समितिबाट संचालन हुने स्थिति नरहेको तर हाल स्थानीय रूपमा उपभोक्ताहरू उपभोक्ता समितिबाट संचालन गर्न इच्छुक एवं उक्त योजना प्रभावकारीताका हिसावले उपभोक्ता समितिबाट संचालन गर्न उपयुक्त देखिएकोले पूर्व निर्णयानुसार ठेक्का बन्दोबस्तबाट संचालन गर्न निर्णय भएका निम्न योजनाहरू उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।

१. लायकु दरवार क्षेत्र उत्खनन् संरक्षण एवं विस्तार कार्य वडा नं. ७ रू. ५०,००,०००।-

२. जेष्ठ नागरिक चौतारी निर्माण, बल्थली महादेवस्थान वडा नं. ११ रू. २०,००,०००।-

निर्णय प्रतिलिपि उतार

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल २०७३

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत